कानेपोखरी गाउँपालिका, मोरङद्वारा प्रकाशित

# कानेपोखरी राजपत्र

खण्डः३ संख्याः१ मितिः२०७७।०५।२८

# कानेपोखरी गाउँपालिका

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा(१) ले दिएको अधिकार प्रयोग गरी कानेपोखरी गाउँपालिकाको छैठौं गाउँसभाले यो ऐन पारित गरी सर्वसाधारणको जानकारीको लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

# केहि स्थानीय ऐन संशोधन गर्न बनेको ऐन,२०७६

प्रमाणीकरण मितिः २०७७/०५/१०

२०७६ सालको ऐन नं.१

प्रास्तावनाः

कानेपोखरी गाउँपालिकाका केही स्थानीय ऐनमा समसामयिक सुधार गर्न केही स्थानीय संशोधन गर्न वान्छनीय भएकाले कानेपोखरी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१) यस ऐनको नाम "केही स्थानीय ऐन संशोधन गर्ने ऐन, २०७६" रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. कानेपोखरी राजपत्र, खण्डः१ ,संख्याः१.६ मिति ०७५/०६/११ भाग-१ मा प्रकाशित ऐनहरुको आवरण पृष्ठ समेतमा संशोधनः

१) कानेपोखरी गाउँपालिकाले आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन,२०७५, कृषि व्यवसाय प्रवर्द्धन ऐन,२०७५, गाउँ विपद् जोखिम , न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७५, कानेपोखरी गाउँपालिकाको सहकारी ऐन, २०७५ माः

क) आवरण पृष्ठमा " नेपालको संविधानको धारा २२६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ र कानेपोखरी गाउँपालिका कार्य-सम्पादन नियमावली, २०७४ को नियम १३ बमोजिम गाउँसभाले बनाएको यो कार्यविधि सर्वसाधरण जानकारीको लागि प्रकाशन गरिएको छ।" भन्ने वाक्यहरुको सट्टा देहायको वाक्य राखिएको छ " नेपालको संविधानको धारा २२६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कानेपोखरी गाउँपालिकाको गाउँसभाले बनाएको यो ऐन सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ।"

ख) उल्लेखित ऐनहरुका हरेक पानाको शीर्ष भागमा रहेको " कानेपोखरी गाउँपालिकाको राजपत्रको राजपत्र " को सट्टा " कानेपोखरी गाउँपालिकाको राजपत्र भाग-१, खण्ड-१" राखिएको छ ।

ग) उल्लेखित ऐनहरुको प्रस्तावना "नेपालको संविधानको धारा २२ को उपधारा (२) " को सट्टा "नेपालको संविधानको धारा २२९ को उपधारा (१) र (२) " राखिएको छ ।

३. <u>कानेपोखरी गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन , २०७५ मा संशोधन</u>

१) ऐनको दफा ६ बजेट निकासामाः

उपदफा(१) "सभाबाट बजेट स्वीकृत भएको सात दिन भित्र स्वीकृत बजेट विवरण अनुसार खर्च गर्ने अख्तीयारी प्रमुख प्रशासकीय अधिकृतले मातहत कार्यालय प्रमुखलाई दिनु पर्ने छ।" को सट्टा "सभाबाट बजेट स्वीकृत भएको सात दिन भित्र अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तीयारी प्रदान गर्नु पर्नेछ " राखिएको छ ।

२) उपदफा (२) मा "उपदफा (१) बमोजिमको अख्तियारी प्राप्त भएपछि तोकिए बमोजिम बैंक मार्फत प्राप्ति निकाशा र भुक्तानी गर्ने पर्नेछ । तर आर्थिक वर्षको अन्तिम दिनमा ऋण दायित्वको भुक्तानी हिसाब मिलान बाहेकको अन्य भुक्तानी सम्बन्धी काम हुने छैन " को सट्टा "अख्तियारी प्राप्त भएको पन्ध्र दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित शाखा प्रमुख र वडा सचिवलाई कार्यक्रम र बजेट सहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्नेछ । " राखिएको छ ।

३) "उपदफा (२) बमोजिम प्राप्ति , निकाशा तथा भुक्तानी गर्दा संघीय महालेखा नियन्त्रण कार्यालयले तोकी दिएको मापदण्ड बमोजिम हुने गरि एकल खाता कोष प्रणाली अवलम्बन गरिने छ" को सट्टा "उपदफा(१) र २ बमोजिमको अख्तियारी प्राप्त भएपछि तोकिए बमोजिम बैंक मार्फत प्राप्ति निकासा र भुक्तानी गर्नु पर्नेछ । तर आर्थिक वर्षको अन्तिम दिनमा ऋण दायित्वको भुक्तानी हिसाब मिलान बाहेकको अन्य भुक्तानी सम्बन्धी काम हुने छैन।" राखिएको छ ।

४) "रकम निकासा भएपछि तोकिएका पदाधिकारीको संयुक्त दस्तखतबाट बैंक खाता संचालन गर्नुपर्नेछ " को सट्टा "उपदफा(३) बमोजिम प्राप्ति निकासा तथा भुक्तानी गर्दा संघीय महालेखा नियन्त्रण कार्यालयले तोकि दिएको मापदण्ड बमोजिम हुने गरी एकल खाता कोष प्रणाली अवलम्वन गरिनेछ ।" राखिएको छ ।

५) "स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम स्वीकृत बजेटको परिधि भित्र रहेर प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राखी वा राख्न लगाई पेश गर्ने, लेखापरीक्षण गराउने , वेरुजु फर्छ्यौट गर्ने र कार्यपालिकामा पेश गर्ने उत्तरदायित्व लेखा अधिकृतको हुनेछ" को सट्टा "रकम निकासा भएपछि तोकिएका पदाधिकारीको संयुक्त दस्तखतबाट बैंक खाता संचालन गर्नु पर्नेछ ।" राखिएको छ ।

६) "यस कानून र प्रचलित अन्य कानून अनुसार रकम निकाशा दिने तथा कोष संचालन गर्ने गराउने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ" को सट्टा "स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम स्वीकृत बजेटको परिधि भित्र रहेर प्रचलित कानून बमोजिम खर्च लेखा राखी वा राख्न लगाइ पेश गर्ने, लेखा परीक्षण गराउने, बेरुजु फर्छ्यौट गर्ने र कार्यपालिकाका कम्तीमा चौमासिक रुपमा पेश गर्ने उत्तरदायित्व लेखा अधिकृत/लेखा शाखा प्रमुखको हुनेछ ।" भन्ने राखिएको छ ।

७) उपदफा ६ पछि उपदफा ७ थप गर्नेः " यस ऐन र अन्य प्रचलित कानूनमा रकम निकाशा दिने तथा कोष संचालन गर्ने गराउने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।"

४. <u>कानेपोखरी गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन,२०७५ मा संशोधनः</u>

१) ऐनको दफा २ को (ट) को (ठ) को सट्टा "ट" को (१)" राखिएको छ ।

२) ऐनको दफा २ को (फ) को सट्टा "प" र सो पश्चात क्रमशः "(फ),(ब),(भ) र (म) "राखिएको छ ।

५. <u>गाउँ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ मा संशोधनः</u>

१) ऐनको प्रस्तावनामा " नेपालको संविधानको धारा २२१ को उपधारा (१) को अधिकार प्रयोग गरी कानेपोखरी गाउँ सभाले यो ऐन बनाएको छ " को सट्टा " नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को अधिकार प्रयोग गरी कानेपोखरी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।" राखिएको छ ।

२) ऐनको दफा ३ को उपदफा(२) च मा "स्थानीय रेडक्रस" भन्ने शब्दहरु रहेकोमा "नेपाल रेडक्रस सोसाइटीका स्थानीय प्रतिनिधि गाउँपालिकाको अध्यक्षले तोके बमोजिम एक जना" वाक्यांश थप गर्ने ।

६. <u>कानेपोखरी गाउँपालिकाको सहकारी ऐन, २०७५ मा संशोधनः</u>

१) ऐनको दफा २ को “ड” पछि “ठ” आउनु पर्नेमा क्रम नमिलेकाले नेपाली वर्णानुक्रम अनुसार राख्ने व्यवस्था गर्ने ।

२) “ ऐनको दफा ६ को (च) पछि (४) र (५) रहेकोमा “छ” र “झ” राखी “ज” को उपदफा “(४)” को सट्टा “छ” राख्ने ।

३) “ऐनको दफा (९) का उपदफाहरुको क्रमशः क्रम मिलाउने ” ।

४) “ऐनको दफा (२९) ,(३२),(३३) र (५६) का दफाहरु नेपाली वर्णमाला र नेपाली गणनाको क्रम अनुसार राख्ने व्यवस्था मिलाउने ” ।

७. <u>कानेपोखरी गाउँपालिकाको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ मा संशोधनः</u>

१. “ऐनको दफा २ को “(क्ष)” पछि “(त्र)” थप गर्ने र “संघीय सरकार” भन्नाले नेपालको संविधानको धारा ७४ र ७५ मा भएको व्यवस्था बमोजिम नेपाल सरकारलाई सम्झनु पर्छ ”।भन्ने वाक्य राखिएको छ।

**आज्ञाले,**

**गायत्र श्रेष्ठ**

**प्रमुख प्रशासकीय अधिकृत**